# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या: २ मिति:- २०७९।१०।१०

भाग: २

१. बालविबाह अन्त्यका लागि गाउँपालिका स्तरीय कार्ययोजना, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०७९।०४।०६

प्रमाणीकरण मिति:- २०७९।०४।०८,

राजपत्रमा प्रकाशन मिति:- २०७९।१०।१०

आज्ञाले

नाम:- गगन बहादुर ऐडी

पद:-प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी

नि.प्रमुख प्रशासकीय अधिकृत

# बाल विवाह अन्त्यका लागि गाँउपालिका स्तरीय कार्ययोजना २०७९

स्वीकृत मित्ति २०७९/१४/०६

## छविसपाथिभेरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ब्याँसी बझाङ

## १. पृष्ठभुमि:

छेडेदह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... सुदूरपश्चिम प्रदेश, नेपाल

मानव जीवनका हरेक पाटा र पक्षहरुलाई केलाएर हेर्दा कतै न कतै केही न केही कुराले असर गरेको देखिन्छ । मानब जन्मेदेखि नमरुन्जेल सम्म विभिन्न किसिमका समस्याहरु झेलीरहेको हुन्छ । मानव विकासको क्रमलाई निरन्तरता दिनका लागि विवहा एक महत्वपूर्ण पवित्र बन्धनको रुपमा लिने गरिन्छ । विवहा गर्ने वा नगर्ने कुरा हरेक व्यक्ति समुदाय पिच्छे फरक फरक रहेको पाईन्छ ता पनि यो विषय व्यक्तिको नैसर्गिक अधिकार हो । मानब अधिकारको दृष्टिकोण बाट पनि आफुले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफ्नो भबिस्यको मार्गचित्र तयार गर्ने अधिकार प्रत्येक नागरिक लाई हुन्छ ।विभिन्न चरणमा यसका लागि सवै मुलुकले विवहाको उमेर तोकेको हुन्छ । हाम्रो देशको सन्दर्भमा कानुनले विवहाका लागि २० वर्ष उमेर तोकेको छ ।२० वर्ष भन्दा कम उमेरमा हुने विवाह लाई बालविवाह भनी कानुनी रुपमा बन्देज लगाएको छ । यसरी २० वर्ष नपुगी भएको विवाहलाई वालविवाह भएको मानिन्छ । नेपालको संविधान ऐन कानुनले वालविवाह गर्न नहुने भनी वालविवहालाई अपराधको रुपमा लिएको भएतापनि नेपाल दक्षिण एसियामा वालविवहा उच्च रहेका देशहरु मध्ये तेस्रो स्थानमा रहेकोछ । अधिकांश बालवालिकाहरुले १८ वर्ष नपुग्दै विवाह गरेको विभिन्न अध्ययनले देखाएको छ ।यसो हुनुको मुल कारण पितृसत्तात्मक सोच रुढीवादी कुसंस्कार लैङ्गिक विभेद गरीबी अशिक्षा र चेतनाको कमी देखासीको र सामाजिक संजाल र सञ्चारको दुरुपयोग जस्ता कुराहरु रहेका छन ।

वालविवहाले बालवालिकाहरुलाई आधारभुत अधिकारबाट मात्रै बन्चित नगरी उनीहरुको भविस्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा समेत सहभागी हुने अवसरबाट समेत बञ्चित गराउँदछ । यसले बालबालिकाको उज्वल भबिस्यलाई अँध्यारो तिर धकेल्दै जान्छ भने प्रजनन् स्वास्थ्य र गुणस्तरीय जीवन जिउने चाहनालाई असर गर्दछ । तसर्थ बालविवहा सभ्य सुसंस्कृत एवं समतामुलक समाज निर्माणका लागि बाधक बन्ने हुंदा यसको अन्त्यका लागि अन्तराष्ट्रिय स्तरमा MDGS को प्राप्तिका लागि SDGS २०१३-२०३० संयुक्त राष्ट्र संघिय मानव अधिकार समिति बाल अधिकार महासन्धि १९८९ , सार्क मुलुकहरुमा निर्माण तथा लागु दक्षिण एसियाबाट वालविवहा अन्त्य गर्नका लागि काठमाण्डौं आव्हान जस्ता थुप्रै अन्तराष्ट्रिय स्तरका कार्यक्रमहरु र राष्ट्रिय स्तरमा संविधानतः कानुनी व्यवस्था,वालविवाह अन्त्य सम्वन्धि व्यवस्था तथा १५ औं योजनाले समेत बालबालिका तथा किशोर किशीरीलाई सबै प्रकारको हिंसा दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रबर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको र सन २०३० सम्ममा नेपालमा बालविबाह अन्त्य गर्ने भनी बाल विवहा अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले उल्लेख गरेकोले विभिन्न किसिमका कार्यक्रमहरु संचालन हुँदै आएका छन । सुदसरपश्चिम प्रदेश सरकारले पनि **"सानै छु म बढ्न देउ बाल विवाह होईन पढ्न देउ"** भन्ने मुल नारा का साथ अभियानकै रुपमा कार्यक्रमहरु सबै स्थानीय तहमा सञ्चालन गर्दैछ ।

**तसर्थ यस गाउँपालिकाले पनि बाल विवाह अन्त्यका लागि कार्ययोजना तयार गरी सक्रिय रुपमा कार्यान्वयन गर्ने सोचका साथ गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।**

२. कार्ययोजनाको औचित्यः

२.१ नेपालले संविधान ऐन, कानुन, नियमावली र कार्यबिधिहरु समेत तयार गरी बाल विवहालाई दण्डनीय अपराध भनिएको भएता पनि यो प्रचलन अझैं कुनै न कुनै रुपमा समाजमा व्याप्त रहेकोले हटाउन सकिएको छैन । त्यसैले स्थानिय सरकारको प्रमुख प्रथमिकतामा यो विषय पनि राखेर प्राथमिकताका साथ नीति तथा कार्यक्रमहरु केन्द्रित गर्नुपर्ने देखिएको छ ।

२.२ नेपाली समाज बिभिन्न रुढीबादी कुसंस्कारले जगडीएकोले नेपालले यी कुप्रथा अन्त्यका लागि गरेका राष्ट्रिय, अन्तराष्ट्रिय तथा क्षेत्रिय रुपमा गरेका प्रतिबद्धता पुरा गर्न आवस्यक देखिएको छ ।

२.३ बाल विवहा समाज विकासको बाधक परिवारहरू, समुदायहरू र देशलाई नै गरिबीको चक्रमा पार्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, स्थिरता र समृद्धिमा पनि प्रभाव पार्ने देखिएको छ ।

२.४ दक्ष र उत्पादनशिल जनशक्ति सहितको गुणस्तरीय जीवन जीउनका लागि बालमैत्री बातावरण र बालबालिकामा लगानी नै मानब पुंजीमा लगानी हो भन्ने धारणाको विकास गर्नु आवस्यक रहेको देखिन्छ ।

२.५ बालविवहाले गर्दा ब्यक्तिलाई पर्ने जोखिसपूर्ण जीवन भोगाई र त्यसको सामाजिक आर्थिक शैक्षिक र स्वास्थ्यमा पर्ने प्रतिकुल असरलाई कम गराई जोखिममा परेका बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन र तिनीहरुको सामाजिक जीवनमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवस्यक देखिन्छ ।

३. परिकल्पना (Vision) :

सामाजिक न्याय सहितको समतामुलक, सन्तुलित र वालमैत्री समाजको स्थापना गर्ने

४. ध्येय (Mission) :

सुनिश्चित बालअधिकार सहितको बाल विवहा मुक्त समाजको स्थापना गर्ने

५. लक्ष्य (Goal) :

आगामि ५ वर्ष भित्र बाल बिवहामुक्त छविसपाथिभेरा गाउँपालिका घोषणा गर्ने ।

## ६. उद्देश्यहरु (Objectives) :

६.१ बाल संरक्षण संयन्त्रहरुको विकास गरी बाल विवाह अन्त्यका लागि विद्यमान कानुन तथा प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

६.२ बाल बिवहा अन्त्यका लागि सम्बन्धित सरोकारवालाहरु संग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी उपयुक्त विधि तथा प्रक्रिया पत्ता लगाई कार्यक्रमहरु संचालन गर्ने ।

६.३ बाल विवहा अन्त्यका लागि बिभिन्न किसिमका संयन्त्रहरु जस्तै स्थानीय बाल अधिकार समिति वडा स्तरीय बाल अधिकार समिति गठन गरी सक्रिय गराई बाल क्लब किशोर किशोरी समूह युवा क्लब गठन तथा परिचालन गर्ने ।

६.४ बाल विवहालाई प्रोत्साहन गर्ने खालका प्रचलित सामाजिक कुरीती पम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिबर्तनका लागि सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

६.५ बालविवहा गर्ने गराउने ब्यक्तिलाई स्थानिय सरकारवाट दिईने सेवा सुविधा सिफारीश विवहा दर्ता बाल पोषण भत्ता सामाजिक सुरक्षा भत्ता आदिबाट बन्चित गराउने ।

६.६ बाल विवाहको कारण जोखिममा परेका विवाहित बालबाबिकाहरुको तथ्यांक संकलन गरी बालविवाहले गर्दा आईपरेका कठिनाई स्वास्थ्य समस्या र भोग्नु परेका पीडाको बारेमा अरुलाई सन्देश दिन उनीहरुको क्षमता विकास गरी श्रोत व्यक्तिको रुपमा प्रयोग गर्ने र उनीहरुको दिगो जिबकोपार्जनको का लागि उपयुक्त बिकल्प सहितका कार्यक्रम संचालन गर्ने ।

## ७. क्रियाकलाप(Activities) :

### बालविवाह अन्त्यका लागि तपसिल अनुसारका कार्यक्रमहरु संचालन गरिनेछन ।

७.१ बिद्यालयमा किशोर किशोरिहरु मार्फत साथि शिक्षा दौतरी शिक्षा तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत अन्य बालविवाह सम्वन्धि अभियान तथा कार्यक्रमहरु संचालन गर्ने ।

७.२ बालविवहा अन्त्यका लागि हाम्रो सरोकार भन्ने अभियान संचालन गरी बाल क्लब संजाल आमा समूह यूवा क्लब किशोर किशोरी समुह टोल विकास समितिहरु राजनैतिक दल लगायत मार्फत प्रचार प्रसार तथा सचेतना कार्यक्रमहरु संचालन गर्न सम्पूर्णलाई परिचालन गर्ने ।

७.३ बाल विवहाका कारण समस्या र हिंसामा परेका महिलाहरुको पुनर्स्थापनाका लागि आवस्यक सीपमुलक कार्यक्रमहरु संचालन गरी आत्मनिर्भर हुन अभिप्रेरित गर्ने ।

७.४ बाल विवहा गर्ने वा गराउने व्यक्तिको सूचना गर्ने व्यक्तिलाई सुरक्षाको प्रत्याभुति गरी सम्बन्धित निकायमा जानकारी दिने संयन्त्रको विकास गर्नुका साथै उचित पुरस्कारको व्यवस्था गर्ने ।

७.५ नमुना प्रारम्भिक बालविकास केन्द्रको अवधारणा अनुसार बालमैत्री शिक्षण सिकाई सहितको भौतिक पूर्वाधारको व्यवस्था गर्दै जाने ।

७.६ बालविवहाका कारण शिक्षण सिकाईबाट बन्चित भएका बालबालिका लाई आकर्षक सुविधा जस्तै छात्रवृत्ती पोषाक तथा यस्तै प्रकृतीका अन्य सुविधा सहित बिद्यालय शिक्षामा निरन्तरता दिनका लागि वैकल्पिक शिक्षण सिकाईका साथै सीपमुलक तालिम प्रदान गरी उद्यमशिल बनाउने ।

७.७ वि व्य स को बैठकमा महिला तथा बाल क्लबका प्रतिनिधिलाई आमन्त्रित गरी अर्थपुर्ण सहभागिताको व्यवस्था सहित कम्तिमा पनि बैठकमा बालबालिकाका समस्या र गुनासो सुन्ने व्यवस्था मिलाउने ।

७.८ परम्परागत कुसंस्कार तथा हानिकारक अभ्यासका कारण अध्ययन छाड्न बाध्यभएका बालबालिकाहरुको तथ्यांक संकलन गरी उक्त अभ्यासका बिरुद्ध लाग्न जनचेतनामुलक कार्यक्रम गर्ने ।

७.९ बाल बिवहा र बिभिन्न किसिमका हिंसाबाट पीडीत बालबालिकाहरु लाई मनोसामाजिक परामर्श लिने ।

७.१० बालविवहाका कारण बिद्यालय शिक्षाबाट बन्चित बालबालिकाको विद्यालय शिक्षाको निरन्तरताका लागि आवस्यकता अनुसारको शैक्षिक अवसर प्रदान गरी औपचारिक शिक्षामा जोड्ने ।

७.११ बाल विवहालाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक ता सांस्कृतीक मान्यताहरुलाई बदल्न धार्मिक संस्था धर्म गुरु धामी झांक्री ज्योतिष तथा अग्रजहरुलाई सक्रिय पारी उहाँहरुबाट नै सकारात्मक सन्देश दिने कार्यक्रम संचालन गरी बालबिवाह बिरुद्ध परिचालन गर्ने ।

७.१२ पहिलो पटक बाल विवाह मुक्त टोल तथा वडा घोषणा गर्ने टोल तथा वडा लाई पुरस्कृत गरी तुलनात्मक रुपमा बढी बजेट विनियोजन गर्ने ।

७.१३ बाल विवाह बिरुद्ध सञ्चार अभियान संचालन गरी असल अभ्यासहरुको प्रचार प्रसारमा जोड दिने ।

७.१४ बाल विवहाका कारणले यौन तथा प्रजनन् स्वास्थ्यमा पार्ने असरहरु बारे महिनाको १ पटक प्रत्येक बिद्यालयमा स्वास्थ्यकर्मीहरु बाट प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने।

गाउँपालिका कार्यपालिकाको कार्यालय प्रदेश, नेपाल

७.१५ स्थानीयं तहमा कार्यक्रमहरु संचालन गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुलाई बाल विवाहका बिरुद्धका कार्यक्रमहरुलाई प्राथमिकतामा राख्न लागाउने ।

७.१६ बिद्यमान कानुन नीति तथा कार्यबिधिहरुको समय सापेक्ष निर्माण संशोधन तथा सुदृढीकरण गर्ने ।

७.१७ बनेका निती तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भए नभएको बारे सरोकारवालाहरु संग समन्वय सहकार्य अनुगमन तथा मुल्यांकन गर्न बिभिन्न किसिमका संयन्त्रहरु परिचालन गर्ने ।

## ८. आशातित उपलब्धिहरु

८.१ बाल विवाह अन्त्यका लागि आवस्यक नीति नियम तथा कार्यविधि कार्ययोजनाहरु तर्जुमा भएका हुनेछन भने गरेका प्रतिबद्धता र बनेका नीति नियमहरुको प्रभावकारी कार्यान्वियन भएको हुनेछ ।

८.२ बाल विवहाका बिरुद्ध सिंगो गाउँपालिका सहित सरोकारवालाहरु एकमत भई बिभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु संचालन भएका हुनेछन ।

८.३ बाल विवाहका विरुद्ध बालबालिका नै मुख्य भुमिकामा राखेर बालवालिका किशोर किशोरी युवा यूवती लगायत सबैको सहभागितामा अभियान संचालन गरिनेछन ।

८.४ बाल विवाह बारेको परम्परागत सोच विचार चाल चलन र ब्यवहारमा पूर्ण रुपमा परिवर्तन भएको हुनेछ ।

८.५ बाल विवाह गर्ने गराउने व्यक्ति परिवार तथा समुदायलाई कानुनी दायरामा ल्याउन बनेका ऐन कानुन को कार्यान्वयनका लागी स्थानीय सरकारले कठोर कदम चाल्न सक्नेछ ।

८.६ बाल विवाहका कारण अति उच्च जोखिममा रहेका हिंसा पीडीत बालबालिकाको दिगो जीविकोपार्जनका लागि वास्तविक तथ्यांक संकलन गरी सीपमुलक तालिमका माध्यमबाट उद्यमशिल बनाउन सकारात्मक विभेद गरी सकारात्मक परिवर्तन भएको हुनेछ ।

## ९. कार्ययोजना

बाल विवाह अन्त्यका लागि तपसिल बमोजिमको कार्ययोजना बनाईकार्यान्वयन गरिनेछ ।

| सुधारका क्षेत्रहरु | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १ नीतिगत सुधार | १.१ बालविवाह सम्बन्धि विद्यमान कानुनको कार्यान्वयन गर्दै स्थानीय तहमा बाल विवाह अन्त्यका लागि नीति बनाउने | स्थानीय तह | स्थानीय तह गै स स | २०७९ असोज भित्र | १ लाख २५ हजार | नीति बनाई कार्यान्वयन हुने |
| | १.२ विद्यमान कानुन र सरोकारवालाहरुले दिएको सुझावको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने | स्थानीय तह | स्थानीय तह गै स स हरु | २०७९ भाद्र | १० हजार | सरोकारवालाहरुको सुझाव समेटिएको हुने । |
| | १.३ बाल विवाह भएको खण्डमा उक्त विवाहलाई कानुनी मान्यता नदिई कानुनतः क्षतिपुर्ति दिने विनियम बनाउने | स्थानीय तह | स्थानीय तह गै स स | २०७९ चैत्र भित्र | १० हजार | विनियम तथा रणनीति योजना लागु भएको हुने |
| २ संगठनात्मक सुधार | २.१ बाल क्लब र संजालहरु गठन तथा परिचालन | स्थानीय तह र विद्यालयहरु | स्थानीय तह गै स स | २०७९ मंसिर | १ लाख | गठन भई सक्रिय भएको हुने |
| | २.२ आमा समूह किशोर किशोरी र यूवा संजाल गठन तथा परिचालन | स्थानीय तह स्वास्थ संस्था | | २०७९ मंसिर | ५० हजार | गठन भई सक्रिय भएको हुने |
| | २.३ नमुना बालमैत्री प्रारम्भिक बाल विकास केन्द्र स्थापना | स्थानीय तह | स्थानीय तह प्रदेश सामाजिक विकास मन्त्रालय | ५ बर्ष | १५ लाख | गुणस्तरीय तथा बालमैत्री शिक्षा प्राप्त गर्ने । |
| | २.४ मनोसामाजिक परामर्श केन्द्र स्थापना | स्थानीय तह | गै स स स्थानीय तह | ५ बर्ष | ५ लाख | परामर्श केन्द्र स्थापना भएको हुने । |
| | २.५ हिंसा पीडित बाल बालिकाका लागि पुनः | स्थानीय तह | गै स स | ५ वर्ष | आवस्यकता | पुनः स्थापना केन्द्र स्थापना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थापना केन्द्र स्थापना | | | | अनुसार | हुने । |
| | २.६ गाउँ न्यायिक समिति सहित जनप्रतिनिधिहरुलाई बालविवहा सम्बन्धि नियम कानुन बारे अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | स्थानीय तह | स्थानीय तह गै स स | ०७९ चैत्र भित्र | ५० हजार | सक्रिय भएको हुने । |
| | २.७ स्वास्थ्यकर्मी तथा म स्वा स्व से बाट बिद्यालयमा प्रशिक्षण कार्यक्रम संचालन हुने | [illegible] संस्था | | ०७९ चैत्र | ५० हजार | प्रत्येक महिना नियमित कक्षा संचालन हुने । |
| | २.८ बाल बिवाह बिरुद्धका कार्यक्रमको प्रभावकारी अनुगमन संयन्त्र गठन गर्ने | स्थानीय तह | स्थानीय तह | ०७९ पौष | १० हजार | निरन्तर अनुगमन भई पृष्ठपोषण प्रप्त हुने |
| ३ कार्य प्रक्रियागत सुधार | ३.१ बिद्यालयमा किशोर किशोरिहरु मार्फत साथि शिक्षा दौतरी शिक्षा तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत अन्य बालविवाह सम्बन्धि अभियानहरु कार्यक्रमहरु संचालन गर्ने | स्थानीय तह | स्थानीय तह गै स स सामाजिक विकास कार्यालय | ५ वर्ष भित्र | ७० हजार | बाल विवाह अन्त्यका लागि सचेतना अभिबृद्धी भएको हुने । |
| | ३.२ वालविवाहका कारण शिक्षण सिकाईबाट वन्चित भएका वालवालिका लाई आकर्षक सुविधा जस्तै छात्रवृत्ती पोषाक तथा यस्तै प्रकृतीका अन्य सुविधा सहित विद्यालय शिक्षामा निरन्तरता दिनका लागि सीपमुलक तालिमका माध्यमबाट उद्यमशिल वनाउने | स्थानीय तह | गै स स स्थानीय तह | ५ वर्ष भित्र | ५ लाख सम्म | शिक्षामा निरन्तरता हुनुका सथै सीपमुलक तालिमका माध्यमले उद्यमशि भई दिगो जीबिकोपार्जन भएको हुने |
| | ३.३ बाल विवहा गर्ने वा गराउने व्यक्तिको सूचना गर्ने व्यक्तिलाई सुरक्षाको प्रत्याभुति गरी सम्बन्धित निकायमा जानकारी दिने संयन्त्रको विकास गर्नुका साथै उचित पुरस्कारको व्यवस्था गर्ने | स्थानीय तह | स्थानीय तह | ५ वर्ष | २ लाख | व्यवस्था भई कार्यान्वियन भएको हुने । |
| | ३.४ बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक ता सांस्कृतीक मान्यताहरुलाई बदल्न धार्मिक संस्था धर्म गुरु धामी झांक्री ज्योतिष तथा अग्रजहरुलाई सक्रिय पारी उहाँहरुबाट नै सकारात्मक सन्देश दिने कार्यक्रम संचालन गरी वालविवाह विरुद्ध | स्थानीय तह | गै स स स्थानीय तह | ५ वर्ष | १ लाख | सम्बन्धित व्यक्ति तथा संस्थाहरु सक्रिय भै सचेतना कार्यक्रम मार्फत व्यवहारमा परिवर्तन आएको हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिचालन गर्ने | | | | | |
| | ३.५ बाल विवाह बिरुद्ध सञ्चार अभियान संचालन गरी असल अभ्यासहरुको प्रचार प्रसारमा जोड दिने । | स्थानीय तह | सञ्चार मध्यम | ५ वर्ष | १० हजार | सामाजिक संजाल तथा आम संचार मार्फत सकारात्मक सन्देश प्रदान हुने । |
| | ३.६ स्थानीय तहमा कार्यक्रमहरु संचालन गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुलाई बाल विवाहका बिरुद्धका कार्यक्रमहरुलाई प्राथमिकतामा राख्न लागाउने । | स्थानीय तह | गै स सहरु | ५ वर्ष | ५ लाख | सरोकारवालाहरुले बाल विवाह बिरुद्धको अभियानलाई पहिलो प्राथमिकतामा राखेको हुनेछ |
| | ३.७ पहिलो पटक बाल विवाह मुक्त टोल तथा वडा घोषणा गर्ने टोल तथा वडा लाई पुरस्कृत गरी तुलनात्मक रुपमा बढी बजेट बिनियोजन गर्ने । | स्थानीय तह | स्थानीय तह | ५ बर्ष | ३५० हजार | प्रतिस्पर्धात्मक अवस्था सिर्जना भई बा विवाह मुक्त अभियान संचालन भएको हुने । |
| | ३.८ बाल विवाह अन्त्यका लागि नागरिक प्रहरी साझेदारी कार्यक्रम संचालन गर्ने । | प्रहरी प्रसाषन स्थानीय तह | प्रहरी प्रसाषन | ५ बर्ष | २ लाख | कानुनी सचेतना प्राप्त भई बाल विवाह अन्त्यका लागि थप बल पुग्ने । |
| ४ अन्य सुधार | बाल विवाह अन्त्यका लागि बिज्ञपरामर्श सेवा लिने । | स्थानीय तह | परामर्ष दाता | ५ बर्ष | १ लाख | बिज्ञ परामर्शदाता ले दिने सेवा प्राप्त भई अभियानका लागि थप सहयोग प्राप्त हुने । |